त्रिभुवन विश्वविद्यालय
# शिक्षाशास्त्र संकाय
## परीक्षा नियन्त्रण महाशाखा
बल्खु, काठमाडौं, नेपाल

शिक्षा शास्त्र संकाय डीनको कार्यालय परीक्षा नियन्त्रण महाशाखा बल्खु

मिति: २०८२।०५।२९

## स्नातकोत्तर तह MSSEd. पाँचौं सेमेस्टरको परीक्षा आवेदन फारम भर्ने, भराउने म्याद थप गरिएको सम्बन्धी सूचना

यस संकायअन्तर्गत सञ्चालित सेमेस्टर प्रणालीमा आधारित स्नातकोत्तर तह MSSEd. पाँचौं सेमेस्टर (नियमित तथा आंशिक) को यही २०८२ साल कार्तिक महिनामा सञ्चालन हुने परीक्षामा सम्मिलित हुन चाहने विद्यार्थीहरुले आफ्नो क्याम्पसमा सम्पर्क गरी अनलाईन तथा भौतिक रुपमा एकल शुल्कमा परीक्षा फारम भर्ने म्याद यही २०८२ साल असोज २ गते दिनको ३:०० बजे सम्म थप गरिएको हुँदा सम्बन्धित सबैलाई सूचित गरिएको छ।

पुनश्च:

- विद्यार्थीहरुले यस संकायको वेवसाइट: www.tufoe.edu.np मा रहेको online form मा त्रि.वि. रजिष्ट्रेशन नम्बर मार्फत परीक्षा फराम भर्न सक्नेछन् । साथै सम्बन्धित क्याम्पस/विभागले आफ्ना विद्यार्थीहरुको भौतिक परीक्षा आवेदन फाराम समेत भराउनुपर्नेछ र सोमा आन्तरिक मूल्यांकनको अंक प्रविष्ट गरी डीन कार्यालयमा २०८२ साल असोज ५ गतेसम्म बुझाउनु पर्नेछ।
- परीक्षा आवेदन फारमवापत नियमित परीक्षाका लागि रु. २५००।- शुल्क लाग्नेछ जुन विद्यार्थीहरुले सम्बन्धित क्याम्पसमार्फत बुझाउनु पर्नेछ। परीक्षा फारमवापत संकलित रकम सम्बन्धित क्याम्पसले यस शिक्षाशास्त्र संकाय डीनको कार्यालयको बैंक खातामा यही २०८२ साल असोज ५ गतेभित्र जम्मा गर्नुपर्नेछ र सोको सक्कल भौचर परीक्षा नियन्त्रण महाशाखामा यही २०८२ साल असोज ५ गतेसम्म बुझाउनु पर्नेछ।
- विद्यार्थीहरुले परीक्षा फारममा विवरण भर्दा शुद्धसँग भर्नुपर्नेछ। साथै सम्बन्धित क्याम्पस/कलेजको परीक्षा शाखाले आफ्ना विद्यार्थीहरुले भरेको अनलाईन फाराम रुजु गर्नुका साथै आन्तरिक मूल्यांकन अंक प्रविष्ट गरी यही २०८२ साल असोज ५ गतेभित्र परीक्षा आवेदन फाराम प्रमाणित (Verify) गरिसक्नु पर्नेछ। साथै विद्यार्थीहरुको आन्तरिक मूल्यांकन अंकको प्रमाणित विवरण, हाजिरी विवरण (न्यूनत्तम ८०% हाजिर हुनपर्ने) समेत उल्लेख गरी परीक्षा सुरु हुनुअगावै डीन कार्यालयको परीक्षा नियन्त्रण महाशाखामा बुझाउनु पर्नेछ।
- अनलाइन परीक्षा फारममा आवेदक विद्यार्थीले तोकिएको ठाउँमा फोटो, दस्तखत, स्थानान्तर पत्र आदि अप्लोड गर्नु पर्नेछ।
- अनलाईन परीक्षा फारममा उल्लिखित रीत पूरा नभई आएमा उक्त परीक्षा फारम रद्द हुनेछ।

सहायक डीन